# संवैधानिक परिषद (कार्यविधि) नियमावली, २०६८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६८।०६।०६

**संशोधनः**

१. संवैधानिक परिषद् (कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७२ २०७२।०५।०७

२. संवैधानिक परिषद् (कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०७५ २०७५।०५।०७

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धि ऐन, २०६६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी संवैधानिक परिषद्ले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अभिलेख तयार गर्नुपर्ने पदहरुः** परिषद्बाट संविधान बमोजिम पदाधिकारीहरुको सिफारिस गरी नियुक्ति गर्ने प्रयोजनको लागि अभिलेख राख्नुपर्ने पदहरु देहायबमोजिम हुनेछन् :-

(क) सर्वोच्च अदालतका प्रधानन्यायधीश,

(ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रमुख आयुक्त र आयुक्तहरु,

(ग) महालेखापरीक्षक,

(घ) लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरु,

(ङ) निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरु,

(च) राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष र सदस्यहरु ।

≠(छ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित आयोगका अध्यक्ष र सदस्यहरु,

≠(ज) राष्ट्रिय महिला आयोगका अध्यक्ष र सदस्यहरु,

≠(झ) राष्ट्रिय दलित आयोगका अध्यक्ष र सदस्यहरु,

≠(ञ) राष्ट्रिय समावेशी आयोगका अध्यक्ष र सदस्यहरु,

≠(ट) आदिवासी जनजाति आयोगका अध्यक्ष र सदस्यहरु,

≠(ठ) मधेसी आयोगका अध्यक्ष र सदस्यहरु,

≠(ड) थारु आयोगका अध्यक्ष र सदस्यहरु,

≠(ढ) मुस्लिम आयोगका अध्यक्ष र सदस्यहरु ।

≠ दोस्रो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

⊕३. **अभिलेख तयार गर्ने कार्यविधिः** (१) सचिवालयले ऐनको दफा ४ बमोजिम संवैधानिक निकायका पदाधिकारीहरुको पदमा संविधान बमोजिम नियुक्ति हुन योग्यता पुगेका व्यक्तिहरुको छुट्टा छुट्टै अभिलेख तयार गर्ने प्रयोजनका लागि इच्छुक र योग्य व्यक्तिहरुबाट देहाय बमोजिम विवरण पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ :-

(क) जन्म मिति, शैक्षिक योग्यता र कार्य अनुभव प्रमाणित गर्ने कागजातसहितको वैयक्तिक विवरण,

(ख) आफू नियुक्त हुन चाहेको संवैधानिक निकाय र पद,

(ग) आफू नियुक्त हुन चाहेको पदसँग सम्बन्धित कार्यअनुभव र सोसँग मिल्दो क्षेत्रमा आफुले पुर्‍याएको योगदानको संक्षिप्त टिप्पणी (पाचँ सय शब्दमा नबढाई),

(घ) नियुक्त हुन चाहेको संवैधानिक पदमा नियुक्त भएको अवस्थामा सम्बन्धित निकायमा आफूले पुर्‍याउन सक्ने योगदान गर्नसक्ने सुधार र आवश्यक रणनीति (बढीमा पाँच सय शब्दमा)।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन गर्दा संवैधानिक निकाय र रिक्त पदाधिकारिको पदसमेत खुलाउनुपर्नेछ।

(३) उपनियम (१) बमोजिम कुनै व्यक्तिले एकभन्दा बढी पदको लागि विवरण पेश गर्न चाहेमा सोको प्राथिमकतासमेत खुलाउनुपर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतको प्रधान न्यायाधीशको नियुक्ति सम्बन्धमा सार्वजनिक रुपमा सूचना प्रकाशन गरिने छैन।

तर सो प्रयोजनको लागि सर्वोच्च अदालतको स्थायी न्यायाधीशको पदमा कम्तीमा तीन वर्ष सेवा पूरा गरेको सम्पूर्ण न्यायाधीशहरुको विवरण सर्वोच्च अदालतसँग माग गरी सचिवालयमा अद्यावधिक गरिनेछ।

⊕४. **अभिलेख अद्यावधिक गर्नुपर्नेः** (१) सचिवालयले पदाधिकारीको रिक्त पदमा परिषद्बाट सिफारिस हुनु अगावै आवश्यकतानुसार नियम ३ बमोजिमको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सचिवालयले अभिलेख अद्यावधिक गर्दा नियम ३ को उपनियम (२) बमोजिम पेश हुन आएका अभिलेखहरु संवैधानिक निकायको रिक्त पदको लागि आवश्यक योग्यता पुगेको छ, छैन जाँच गरी रीक्त नपुगेका र आवश्यक योग्यता तथा

---

⊕ पहिलो संशोधनद्वारा संशोधित।



नेपाल कानून आयोग

कार्य अनुभव प्रमाणित गर्ने कागजात संलग्न नगर्ने व्यक्तिहरुको नाम अभिलेखमा समावेश गर्ने छैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सचिवालय आफैले उपयुक्त व्यक्तिको नाम अभिलेखमा समावेश तथा अद्यावधिक गर्न सक्नेछ ।

⊕५. **अनलाइन फारम भरी पठाउन सकिनेः** (१) कुनै व्यक्तिले नियम ३ को उपनियम (२) बमोजिमको विवरण सचिवालयमा उपस्थित भइ विधुतीय प्रतिसहित वझाउन वा सचिवालयको वेभसाईटमा राखिएको अनलाईन फाराम भरी पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सचिवालयमा स्वंय उपस्थित भई विधुतीय प्रति वुझाउने व्यक्तिलाई त्यस्तो विवरण प्राप्त भएको भरपाई दिनु पर्नेछ । अनलाइन फाराम भरी पठाउने व्यक्तिलाई अनलाइन मार्फत विवरण दर्तां भएको जनाउ दिने व्यवस्था मिलाउनु पर्नेछ ।

६. **सचिवालयले अभिलेख तयार गर्न** : (१) सचिवालयले यस नियमावली बमोजिम प्राप्त भएका विवरणहरु समावेश गरी अभिलेख तयार गर्नेछ । यसरी तयार भएको अभिलेख गोप्य राखिनेछ र परिषद्को प्रयोजन बाहेक अन्य प्रयोजनको लागि कसैलाई उपलब्ध गराइने छैन ।

(२) परिषद्ले सामान्यत : अभिलेखमा जनिएका नामावलीहरुमध्येबाट पदाधिकारीको पदमा उपयुक्त व्यक्तिको नाम नियुक्तिका लागि सिफारिस गर्नेछ ।

७. **नियमावलीको व्याख्या** : यो नियमावलीको व्याख्या गर्ने अन्तिम अधिकार परिषद्लाई हुनेछ ।

---

⊕ पहिलो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग